नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
जाजरकोट

आज मिति २०८१/०३/०७ गते शुक्रबारका दिन बिहान ८ बजे कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटका कोष नियन्त्रक श्री नवराज वलीज्यूको अध्यक्षतामा जिल्लास्थित सङ्घीय कार्यालयहरू तथा स्थानीय तहका आर्थिक प्रशासन शाखा प्रमुखहरूसँग कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटमा बसेको बैठकबाट आ.व.२०८०/०८१ को बजेट कार्यान्वयन, हिसाब मिलान तथा साल तमामसमेतका सम्बन्धमा देहायका निर्णय गरियो ।

<u>उपस्थितिः</u>

श्री नवराज वली (कोष नियन्त्रक)

श्री वीर शमसेर घर्ती (लेखा अधिकृत) एकीकृत कर्णाली सिंचाई विकास आयोजना

श्री हरि बहादुर पुन (लेखापाल) बृहत जलाधार व्यवस्थापन केन्द्र

श्री झलक घर्ती (लेखापाल) को.ले.नि.का. जाजरकोट

श्री प्रेम बहादुर मल्ल (लेखापाल) को.ले.नि.का. जाजरकोट

श्री पुस्कल देवकोटा, (लेखापाल) जिल्ला निर्वाचन कार्यालय जाजरकोट

श्री गणेश कठायत, (लेखापाल) जाजरकोट जिल्ला अदालत

श्री लक्ष्मण थापा मगर, (लेखापाल) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जाजरकोट

श्री एकराज उपाध्याय, (लेखापाल) जिल्ला प्रशासन कार्यालय जाजरकोट

श्री खेम बहादुर थापा, (लेखापाल) जिल्ला समन्वय समितिको कार्यालय जाजरकोट

श्री मञ्जु कुमारी वली, (लेखापाल) मालपोत कार्यालय जाजरकोट

श्री राजेन्द्र कठायत, (लेखापाल) भेरी नगरपालिका जाजरकोट

श्री गोविन्द वि.क.जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

श्री दिप बहादुर बुढा, नापी कार्यालय जाजरकोट

श्री गोविन्द गिरी को.ले.नि.का. जाजरकोट

श्री निरोज वि.क.,(लेखा सुवेदार) चन्दननाथ गण जाजरकोट

श्री सुजन कुमार खड्का, (प्रहरी ना. निरीक्षक), जिल्ला प्रहरी कार्यालय जाजरकोट

श्री कृष्ण प्रसाद पौडेल, स.प्रहरी ना. निरीक्षक, सशस्त्र प्रहरी बल नेपाल गुल्म जाजरकोट

श्री प्रकाश रावत प्र.ना.उ. जि.प्र.का. जाजरकोट

CS CamScanner

श्री कर्ण मल्ल, (वरिष्ठ अनुसन्धान सहायक), राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय जाजरकोट

श्री कृष्ण बहादुर बम, (प्रहरी स. निरीक्षक), इलाका प्रहरी कार्यालय बारेकोट

श्री दिव्य थापा मगर, (प्रहरी स. निरीक्षक), इलाका प्रहरी कार्यालय रिम्ना

श्री योगेन्द्र पुन (प्रहरी स. निरीक्षक), इलाका प्रहरी कार्यालय दल्ली

श्री सन्तोष सिंह, (प्रहरी स. निरीक्षक), इलाका प्रहरी कार्यालय गर्खाकोट

निर्णयहरू:

१. नियमानुसार चालु आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै अथवा २०८१ असार २४ गते राति १२ बजेभित्र को.ले.नि.का. जाजरकोटबाट निकासा गराइसक्नुपर्ने कानुनी प्रावधान रहेको र उक्त समयमा भुक्तानी प्रणालीमा अत्याधिक चाप पर्न जाने भएकोले सम्भव भएसम्म असार २० गते भित्रमा चालु खर्च र पूँजीगत खर्चतर्फ असार २२ गतेसमम्ममा निकासा खर्च गरिसक्नुपर्ने। थप अख्तियारी, नयाँ कार्यक्रम वा निकासा फुकुवा प्राप्त भई आएमा उक्त व्यहोरा प्रमाणित हुने कागजात र खर्चका सक्कल विल भरपाई पेश गरी को.ले.नि.का.बाट भुक्तानी लेख्न उचित देखिएमा असार ३० गतेसम्म निकासा दिन सकिने र आ.व.को अन्तिम दिनमा कर प्रयोजन र हिसाव मिलान बाहेकको कुनै प्रकारको निकासा भुक्तानी नहुने र गर्ने नपाइने।

२. स्थानीय तहहरूले आवश्यक रकम तुरुन्त माग गर्ने तथा फिर्ता गर्नुपर्ने सामाजिक सुरक्षा, सशर्त, समपूरक र विशेष अनुदान अनिवार्य रूपमा यसै आ.व. भित्र फिर्ता गर्ने व्यवस्था गर्ने ।

३. कार्यालयहरूले चेक साटिए/नसाटिएको, कुनै कारोबार बिग्रिएको छुटेको भए यकीन गरी असार मसान्तसम्म हिसाव मिलान गरी सक्ने तथा स्थानीय तहहरूले साट्न बाँकी चेकको विवरण २०८१ साउन २ गते भित्रमा को.ले.नि.का.जाजरकोटमा अनिवार्य पेश गर्ने ।

४. सवै संघीय कार्यालयहरू तथा स्थानीय तहहरूले उपलब्ध गराएको Schedule अनुसारको समयमा आ.ले.प गराइ सक्नु पर्ने र सो समयमा कार्यालय प्रमुखलाई समेत अनिवार्य उपस्थिती गराउने र आ.ले.प. हुनभन्दा अगावै को.ले.नि.का.जाजरकोटमा आर्थिक विवरण पेस गरी भिडान गराउनु पर्ने ।

५. स्थानीय तहले असार १५ गते भित्रमा सामाजिक सुरक्षा भत्ता वापतको रकम पूर्ण रुपमा भुक्तानी गरिसक्ने ।

६. कुनै कार्यालयले उपदान, सञ्चित विदा र औषधि उपचार वापतको रकम माग गर्नु पर्ने भएमा २०८१ असार २० गतेभित्रमा माग गरिसक्नुपर्ने ।

CamScanner

७. सबै स्थानीय तहले निकासा रकम यकीन गरी आम्दानी बाँध्ने, SuTRA मा कोष/खाताको विवरण भर्ने प्रतिवेदन २७२ २१ र २४ हेरी फरक भए कारण पत्ता लगाई समाधान गर्ने र को.ले.नि.का.मा हिसाब भिडान गराउने ।

८. विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषतर्फ आवको अन्त्यमा कुनै पनि नगद मौज्दात नराख्ने यदि नगद संकलन भएमा चालु आ.व. भित्रै बैंक दाखिला अनिवार्य रुपमा गर्ने ।